**स्वर्गदारी नगरपालिका**

# स्थानीय राजपत्र

खण्ड : संख्या : प्रमाणीकरण मिति :- २०८०/११/१५

प्रकाशन मिति :- २०८०/०/

## स्वर्गद्वारी नगरपालिका आर्थिक सहायता मापदण्ड सम्बन्धी कार्यविधी, २०८०

प्रस्तावना : यस नगरपालिकामा रहेका गरिब, विपन्न असहायहरु, विभिन्न रोगहरुबाट पिडित तथा ग्रसित दीर्घरोगी, दुर्घटना परेको, ठुलो शल्याक्रिया गर्नुपर्ने अवस्थामा रहेका व्यक्तिहरु र सामाजिक क्षेत्रमा क्रियासिल संघ सस्थाहरुसँगको सहायता तथा सहयोगको अपेक्षालाई व्यवस्थापन गर्न स्वर्गद्वारी नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १० को उपदफा २ बमोजिम स्वर्गद्वारी नगरपालिका आर्थीक सहायता मापदण्ड सम्बन्धी कार्यविधी २०८० बनाई लागु गरेको छ ।

**परिच्छेद १ : प्रारम्भिक**

१ संक्षिप्त नाम र प्रारम्भ : (१) यो निर्देशिकाको नाम स्वर्गद्वारी नगरपालिकाको आर्थिक सहायता मापदण्ड सम्बन्धी कार्यविधी २०८०" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनुपर्दछ ।

(ख) "नगरपालिका" भन्नाले स्वर्गद्वारी नगरपालिकालाई सम्झनुपर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकालाई सम्झनुपर्दछ ।

(घ) "कार्यालय" भन्नाले नगरकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

(ङ) "आर्थिक सहायता" भन्नाले स्वर्गद्वारी नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहायतालाई सम्झनुपर्दछ ।

च) विपद : भन्नाले आकस्मीक रुपमा घट्ने दैविक प्रकोप वा अन्य प्रकोप लाई सम्झनु पर्दछ ।

छ) विपद व्यवस्थापन कोष : भन्नाले स्वर्गद्वारी नगरपालिकाको विपद व्यवस्थापन कोष भन्ने सम्झनु पर्दछ ।

**परिच्छेद २ : आर्थिक सहायता सम्बन्धी मापदण्ड**

३. मापदण्ड : स्वर्गद्वारी नगरपालिकाले प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहाय बमोजिम हुनेछ ।

१. विपद सम्वन्धि मापदण्ड :

यस स्वर्गद्वारी नगरपालिका क्षेत्र भित्र विपदजन्य कारण जस्तै वाढी, पहिरो, भुकम्प, हावाहुरी तथा आगलागीवाट हुने धन जनको क्षतिवाट कठिनाइ भोगेका नगरवासीहरुको लागि नगर विपद व्यवस्थापन कोष वाट प्रदान गरिने राहत स्वरुप निम्न बमोजिम आर्थिक सहायता रकम नगर प्रमुख वा निजको अनुपस्थितिमा

नगर उप प्रमुखको तोक आदेशमा प्रमुख प्रशासकीय अधिकृतले विपद व्यबस्थापन कोषवाट भुक्तानी दिनु पर्नेछ ।

| **विपदको कारण** | **विपदमा भएको क्षति** | **भएको क्षती** | **सहायता रकम रु** | **सामाग्री** | **कैफियत** |
|---|---|---|---|---|---|
| आगलागी वा चट्टयांग, करेन्ट सट | भौतिक | प्रति घर<br>क) एक तला<br>ख) दुइ तला वा सो भन्दा माथि | <br>१५०००।<br>२००००। | त्रीपाल (१६/१२) को १ थान कम्वल २ थान, बर्को २ थान, एकसेट भाँडा ( थाल, वटुका, गीलास मानिसको संख्या अनुसार), प्रति परिवार सदस्य चामल १० केजी, प्रति परिवार दाल १ केजी, नुन र क्रमश तेल २/२ केजी | कच्ची वा पक्की जुनसुकै घर भएता पनि यो सर्त लागुहुने छ । |
| | | प्रति पशुपन्छि तथा चौपाया:<br>क) गाई<br>ख) भैसी<br>ग) भेडा, बाख्रा<br>घ) पन्छी | <br><br>१०००।<br>२०००।<br>५००।<br><br>२५। | | |
| | | गोठको | ५०००। | त्रीपाल १६/१२ | |
| | मानविय | मानीसको मृत्यु प्रति व्यक्ति | ३००००। | | संस्कारगत कार्य गर्न |
| वाढी पहिरो | भौतिक | प्रति घर<br>क) एक तला<br>ख) दुइ तला वा सो भन्दा माथि | <br>१५०००।<br>२००००। | त्रीपाल (१६/१२) को १ थान कम्वल २ थान, बर्को २ थान, एकसेट भाँडा ( थाल, वटुका, गीलास मानिसको संख्या अनुसार), प्रति परिवार सदस्य चामल १० केजी, प्रति परिवार दाल १ केजी, नुन र क्रमश तेल २/२ केजी | कच्ची वा पक्की जुनसुकै घर भएता पनि यो सर्त लागुहुने छ । |
| | | गोठ | ५०००। | | |
| | | खेत वारी प्रति रोपनी | ५००० | | १-५ रोपनी सम्म मात्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | मानविय | मानीसको मृत्यु प्रति व्यक्ति | ३००००। | | संस्कारगत कार्य गर्न |
| भुकम्प | भौतिक | प्रति घर<br>क) एक तला<br>ख) दुइ तला वा सो भन्दा माथि | <br>१५०००।<br>२००००। | त्रीपाल (१६/१२) को १ थान कम्वल २ थान, बर्को २ थान, एकसेट भाँडा ( थाल, वटुका, गीलास मानिसको संख्या अनुसार), प्रति परिवार सदस्य चामल १० केजी, प्रति परिवार दाल १ केजी, नुन र क्रमश तेल २/२ केजी | कच्ची वा पक्की जुनसुकै घर भएता पनि यो सर्त लागुहुने छ । |
| | | गोठ | ५०००। | | |
| | मानविय | मानीसको मृत्यु प्रति संख्या | ३००००। | | संस्कारगत कार्य गर्न |
| हावाहुरी | भौतिक | घरको छानो<br>गोठको छानो | ५०००।<br>५०००। | | पूर्ण क्षेति भएमा मात्र । |
| | मानविय | मानीसको मृत्यु प्रति व्यक्ति | ३००००। | | सस्कार खर्च |

माथिको सवै विपदवाट श्रृजित दुर्घटनामा अंगभंगहुनेहरुको लागि रु ५००० देखि १०००० सम्म प्रदान गर्ने ।

माथि तालिकामा जे लेखिएको भएतापनि सबै प्रकारका सहायता रकम भुक्तानी लिन आउदाँ सम्वन्धीत वडा कार्यालयको सिफारिस पत्रसाथ अन्य आवश्यक कागजातहरु संलग्न राखि पेश गर्नुपर्नेछ ।

(२) दुर्घटनामा सहयोग मापदण्ड : नगरबासी कुनै ठुलो दुर्घटनामा परि अंगभङ्ग हुन गई तत्काल उपचार गराउनु पर्ने अवस्था भएको तर गरिबी र विपन्नताका कारण पारिवारिक आर्थिक स्रोत नभएको अवस्थाका व्यक्तिलाई अवस्था हेरि एक पटकमात्र ५ हजार देखि १००००। सम्म उपलब्ध गराउन सकिने छ । (सवारी साधनहरुमा भएको दुर्घटना बाहेक)

**(३) दिर्घरोगीमा सहयोग मापदण्ड :** नगरबासीहरुमध्ये (मृगौंला प्रत्यारोपण तथा डाईलासिस गर्नुपर्ने अवस्था, मुटु उपचार (सल्यक्रिया गर्नुपर्ने अवस्थामा मात्र), क्यान्सर, तथा मानसिक रोग) लागेको अवस्था भएको तर गरिबी र विपन्नताका कारण पारिवारिक आर्थिक स्रोत नभएको, उपचार गराउन नसकी समस्यामा परेको व्यक्तिलाई अवस्था हेरि नगरकार्यपालिकाको बैठकबाट निर्णय गर्नु पर्नेछ ।

४. लैगिक हिंसावाट घरछोडी वेशाहारा भएका वा सो कारणवाट आश्रयस्थलमा वसी कष्टकर दैनिकी विताएका व्यक्तिलाई एकपटकका लागि अधिकतम रु.१००००। सम्म मात्र सम्वन्धीत वडा कार्यालयको सिफारिस पत्रको आधारमा नगरकार्यपालिका बैठकले आवश्यक निर्णय गरि आर्थिक सहयोग दिन सकिनेछ ।

**५. संघ संस्थागत सहयोग मापदण्ड :** यस नगरपालिकामा स्थापना भएका, दर्ता भएका, सुचिकृत भएका र नगरपालिका क्षेत्रको हित अनुकुल हुने गरि दर्ता भएका संजाल र महासंघ प्रकृतीका संघ, संस्थाले आयोजना गरेका सामाजिक कार्यहरुमा नगरपालिकाबाट देहाय बमोजिम आर्थिक सहायता प्रदान गरि

सहकार्य गरिने छ। उक्त कार्यक्रमले जिल्ला तथा नगरको पर्यटन प्रबर्द्धन, नगरको विकास लगायतका क्षेत्रमा सकारात्मक प्रभाव पार्ने हुनु पर्नेछ। क्लब तथा संघ संस्थाहरुको बार्षिक साधारण सभा, वार्षिक नियमित कार्यमा सहयोग प्रदान हुने छैन।

(१) नगरस्तरमा संघ संस्थाले आयोजना गरको कार्यक्रममा कार्यक्रम हेरि एक पटक रु १ हजार देखि रु ५ हजार सम्म।

(२) जिल्ला स्तरीय संघ संस्थाले आयोजना गरेको कार्यक्रममा कार्यक्रम हेरि एक पटक रु १ हजार देखि ७ हजार सम्म।

(३) प्रदेश स्तरका संघ संस्थाले आयोजना गरेको कार्यक्रममा कार्यक्रम हेरि एक पटक रु १ देखि १० हजार सम्म।

(४) केन्द्र स्तरको संघ संस्थाले आयोजना गरेको कार्यक्रममा कार्यक्रम हेरी एक पटक रु ५ हजार देखि १५ हजार सम्म।

६. **विशेष योगदान गरेका तथा फरक क्षमता भएका व्यक्ति तथा समुहलाई दिईने सहयोग मापदण्ड :** यस जिल्ला तथा देशभरमा ख्याती कमाएका, विज्ञान तथा खोज अनुसन्धानमा वा कृति प्रकाशन वा नगर क्षेत्रको कुनै विधामा अनुसन्धानमा विशेष योगदान दिन सक्षम भएका, सहित्य तथा कला क्षेत्रमा योगदान पऱ्याएका तथा फरक क्षमता भै आर्थिक समस्यामा रहेका व्यक्ति तथा समुहलाई अवस्थाहेरी कार्यपालिकाको निर्णय बमोजिम बढीमा रु. ५०,०००।- (पचास हजार सम्म ) आर्थिक सहायता दिन सकिनेछ।

## परिच्छेद ३ : आर्थिक सहायता र कोष

६. **आर्थिक सहायता भुत्तानी प्रक्रिया :** आर्थिक सहायताको भुत्तानी प्रक्रिया देहाय बमोजिम हुने छ।

(१) दफा ३ बमोजिमको आर्थिक सहायताको भुक्तानी गर्दा देहाय बमोजिम विवरण सहितको निवेदनमा नगरप्रमुख वा निजको अनुपस्थितिमा का.वा. प्रमुखबाट तोकआदेश गरि प्रमुख प्रशासकिय अधिकृतले भुक्तााानी दिन सक्नेछ।

(क) व्यहोरा खुलेको निवेदन, नागरिकताको प्रमाणपत्रको फोटोकपी प्रहरी सर्जमीन मुचल्का घटनाको फोटो र सम्बन्धीत वडा कार्यालयको सिफारिस।

(ख) उपचारको हकमा अस्पतालले चेक जाँच गरेको कागजात।

(२) दफा ४ बमोजिम आर्थिक सहायताको भुक्तानी गर्दा संघ वा संस्थाको अधिकारीक पत्र भएको हुनुपर्नेछ।

(३) सहायता रकम चेक मार्फत उपलब्ध गराउनुपर्ने छ।

(४) नगर सभाले विनियोजन गरेको बजेटको परिधी भित्र रहि एक व्यक्ति, संघ संस्थालाई एक पटक भन्दा बढी आर्थिक सहयोग गरिने छैन।

७. **सहायता सम्बन्धी बजेट व्यवस्थापन :** यस कार्यविधिको अधिनमा रहि खर्च गर्ने गरि वार्षिक रुपमा निश्चित रकम नगरसभाबाट विनियोजन भए बमोजिम आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ, उक्त रकम अपुग हुने अवस्थामा तपसिल बमोजिम खर्च लेख्न बाधा पुगेको मानिने छैन

(१) दुर्घटना तथा विपद राहत व्यवस्थापन सम्बन्धमा नगरपालिकास्तरमा रहेको विपद व्यवस्थापन कोषबाट खर्च लेख्नुपर्नेछ।

(२) संघ संस्थाहरुले गर्ने कार्यक्रममा सहयोग प्रदान गर्दा सकेसम्म सम्बन्धीत विषय क्षेत्रमा विनियोजित बजेट तथा कार्यक्रमबाट खर्च लेख्नुपर्नेछ।

(३) लैंगीक हिंसा सम्वन्धिका आर्थिक सहयोग गर्दा पालिकाको लैंगीक हिंसा सहायता कोष स्थापना गरि खर्च लेख्नु पर्नेछ। (कोष स्थापना नभए सम्म आर्थिक सहायता शिर्षकवाट भुक्तानी गर्नुपर्नेछ)

(४) नगरपालिकाबाट सहयोग/सहायता गर्नुपर्ने कार्यक्रममा नगरपालिकाको विनियोजित बजेटबाट गर्ने गरि सहयोग कार्यान्वयन गर्दा सम्झौता/समझदारी पत्रमा हस्ताक्षर गरी सोको शर्तहरु बमोजिम गर्नुपर्ने छ ।

(५) सहायता रकम यस मापदण्डमा उल्लेख भएभन्दा बढी भएमा नगर कार्यपालिकाको निर्णयबाट गर्नु पर्ने छ ।

**८. कार्यविधी संसोधन :** यस कार्यविधीमा प्रचलित कानुनको प्रतिकुल नहुने गरि नगर कार्यपालिकाले संसोधन गर्न सक्नेछ ।

**९. बाधा अडकाउ फुकाउने :** यस कार्यविधीको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा यसको बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा रहने छ ।

**१०. यसै बमोजिम भएको मानिने :** यस अघि वितरण भएको आर्थिक सहायता तथा सहयोगलाई यस कार्यविधिले बाधा पुगेको मानिने छैन र भए गरेका कामहरु यसै कार्यविधी बमोजिम भए गरेको मानिने छ ।

**११. खारेजी :** यस न.पा.को कार्यपालिकाको बैठकबाट स्वीकृत मिति २०८० गते जारी गरेको आर्थिक सहायता सम्वन्धि मापदण्ड, २०८० ले यस अघिका सवै खारेज गरिएको छ ।

**आज्ञाले**
प्रमुख प्रशासकीय अधिकृत